नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## समायोजन पदस्थापना सम्बन्धि सूचना

यस मन्त्रालयबाट संचालन हुने नेपाल इन्जिनियरिङ्ग सेवा, मेकानिकल समूह जनरल मेकानिकल उपसमूह/निर्माण उपकरण संभार उपसमूह/इलेक्ट्रीकल समूह, जनरल इलेक्टीकल उपसमूहका कर्मचारीहरुको निजामती सेवा (तेश्रो संशोधन अध्यादेश) २०६९ को दफा २४घ१ख को उपदफा ९ अनुसार मिति २०७०।५।३० मा मन्त्रालयको Website मा सूचना प्रकाशित भईसकेको छ । सोही दफाको उपदफा ८ अनुसार पदस्थापन गर्न रुचि र चाहनाको प्राथमिकताको सम्बन्धमा नेपाल सरकार ( सचिवस्तर ) बाट मिति २०७०।०६।०४ मा देहायको अवस्थामा देहाय बमोजिम पदस्थापना गर्न नीतिगत निर्णय भएकोले सवैको जानकारीको लागि यो सूचना प्रकाशीत गरिएको छ ।

१. प्राथमिकता निर्धारण फाराम पूर्ण रुपमा भरी आएका कर्मचारीहरुका हकमा फाराममा उल्लेख भई आए अनुसार योग्यताक्रमसँग मिल्ने मन्त्रालय, आयोग वा अन्तर्गत ।
२. आंशिक रुपमा प्राथमिता भरी प्राप्त भएका फारामहरुका हकमा निजको योग्यताक्रम सूची अनुसार मिल्ने भएमा फाराम अनुसार, सो अनुसार नमिल्ने भएमा निज कार्यरत निकायको मन्त्रालय, आयोग वा अन्तर्गत र सो निकायमा रिक्त नरहेमा दरवन्दीको भार बढी भएको मन्त्रालय, आयोग वा अन्तर्गत ।
३. प्राथमिकता फाराममा केही पनि उल्लेख नभएका र प्राथमिकता फाराम प्राप्त हुन नआएका कर्मचारीको हकमा निजको योग्यताक्रम सूचीले मिल्ने भएमा निज कार्यरत निकायको मन्त्रालय वा आयोग वा अन्तर्गत र सो निकायमा दरवन्दी रिक्त नरहेमा दरवन्दीको भार बढी रहेको मन्त्रालय, आयोग वा अन्तर्गत ।
४. बढुवा भएका कर्मचारीलाई समेट्ने गरी नयाँ थप दरवन्दी स्वीकृत नभएका मन्त्रालयका कर्मचारीका हकमा नयाँ थप दरवन्दी स्वीकृत भई आए पश्चात् मात्र पदस्थापना गर्न सकिने छ ।